आज मिति २०७७ साल पौष २६ गते आइतबारका दिन आमचोक गाउँपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | [signature] |
| २ | उपाध्यक्ष | श्री सीता राई | [signature] |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | अनुपस्थित |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | [signature] |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | [signature] |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | [signature] |
| ७ | सदस्य | श्री राम प्रसाद राई | — अनुपस्थित — |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | — अनुपस्थित — |
| ९ | सदस्य | श्री राज कुमार राई | [signature] |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | — अनुपस्थित — |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | — अनुपस्थित — |
| १२ | सदस्य | श्री बालदिप राई | [signature] |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | [signature] |
| १४ | सदस्य | श्री पवित्र राई | [signature] |
| १५ | सदस्य | श्री शुकमाया राई | — अनुपस्थित — |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | — अनुपस्थित — |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | [signature] |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | [signature] |
| १९ | तथ्याङ्क अधिकृत | श्री घन कुमार राई | [signature] |
| २० | प्रशासन अधिकृत (छै) | श्री बाबुराम [illegible] | [signature] |
| २१. | इन्जिनियर | श्री गजेन्द्र कुमार साह | [signature] |

२२ रोजगार संयोजक श्री दिपक कार्की [signature]
२३. सेवा केन्द्र श्री केशर श्रेष्ठ [signature]
२४ ~~विज्ञ~~-इन्जिनियर श्री विपन सुवेदी [signature]

[stamp] अधिकृत
२०७७/७/५

**प्रस्तावहरुः**

१. संघीय समपुरक अनुदान तथा विशेष अनुदानका लागि प्रस्ताव पेश सम्वन्धमा ।
२. हिउँदे गाउँसभा २०७७ आह्वान सम्वन्धमा ।
३. सेवा करार/ज्यालादारी कर्मचारीको सम्झौता नविकरण सम्वन्धमा ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।
५. गरिवि निवारणका लागि लघु उद्धम विकास कार्यक्रमको वजेट वाँडफाड सम्वन्धमा ।
६. गरिवि निवारणका लागि लघु उद्धम विकास कार्यक्रम कार्ययोजना २०७७/०७८ स्वीकृत सम्वन्धमा ।
७. वाटो मर्मत संभारको रकम भुक्तानीं सम्वन्धमा ।
८. विपन्न जनतासंग सहकारी कार्यक्रमको वजेट वाँडफाँड सम्वन्धमा ।
९. आधारभुत स्वास्थ्य चौकी निर्माणका लागि वजेट माग सम्वन्धमा ।
१०. विद्यालय लेखा परिक्षक नियुक्ति गर्ने सम्वन्धमा ।
११. जग्गादातावाट जग्गा दानसम्वन्धि सूचना प्रकाशन सम्वन्धमा ।
१२. वडा कार्यालय संचालन खर्च सम्वन्धमा ।
१३. शैक्षिक सहायता सम्वन्धमा ।
१४. प्रहरी कार्यालयलाई सहायता सम्वन्धमा ।
१५. दैनिक ज्यालादारीमा अ.न.मी -१ नियुक्ति सम्वन्धमा ।
१६. इलाका प्रशासन कार्यालय स्थापनाका लागि माग सम्वन्धमा ।

**निर्णयहरुः-**

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै नेपाल सरकार राष्ट्रिय योजना आयोग काठमाण्डौको मिति २०७७/०८/३० को **प्रदेश र स्थानीय तहमा आ.व. २०७८/०७९ का लागि संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्वन्धि सूचना** अनुसार तपसिलका आयोजना/कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | समपुरक अनुदान तर्फ | | |
|---|---|---|---|
| | **आयोजनाको नाम** | **वजेट** | **कैफियत** |
| १ | **गाउँ कार्यपालिकाको (प्रशासनिक) भवन** | वजेट रु ६ करोड | • चालु आ.व.का लागि प्रदेश सरकारवाट समपुरक अनुदान रु ५० लाख विनियोजन भएको र<br>• गा.पा. सभावाट समपुरक कोषमा विनियोजित रकम रु १ करोड मध्येवाट यस कामका लागि समेत विनियोजन गरिने। डिपिआरको प्रक्रिया सुरु भैसकेको । |
| २ | **छोड्खा सांकेन्वा सांस्कृतिक पार्क निर्माण** | वजेट रु ५ करोड | **डिपिआर भैसकेको ।** |
| ३ | **धेन्ताङ थामडाँडा पर्यटन पूर्वाधार** | वजेट रु ७ करोड ५० लाख | **डिपिआर भैसकेको ।** |

अशोक राई! प्रमुख प्रशासकीय अधिकृत
२०७७/०९/२६

| | | | |
|---|---|---|---|
| | **विकास कार्यक्रम** | | |
| | | | |
| | **विशेष अनुदान तर्फ** | | |
| ४ | **एक घर एक धारा कार्यक्रम (आमचोक वृहत खानेपानी आयोजना)** | कुल वजेट रु १० करोड | • आ.व. २०७५/०७६ मा प्रदेश सरकारवाट रु १ करोड ३५ लाख विनियोजन भएको ।<br>• आ.व. २०७५/०७६ मा DPR भै ठेक्का मार्फत पाइप खरिद गरिएको ।<br>• आ.व. २०७६/०७७ मा कुल २ करोड ४० लाखको ठेक्का गरिएको ।<br>• उक्त ठेक्काको कुल रकममा गा.पा. ले ३० प्रतिशत रकम समपुरक कोषवाट वजेट विनियोजन गरेको ।<br>• आ.व.२०७६/०७७ मा कोभिड-१९ ले काम नहुदाँ रु १४ लाख मात्र पेश्की स्वरुप खर्च भएको वाँकी प्रदेश सरकारलाई फिर्ता गरिएको ।<br>• चालु आ.व.का लागि संघीय सरकारवाट विशेष अनुदान रु १ करोड विनियोजन भएको । काम भैरहेको । |

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै २०७७ को आमचोक गाउँपालिकाको हिउँदे गाउँसभा मिति २०७७/१०/१३ मा आह्वान गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव ३ माथि छलफल भै आमचोक गाउँपालिकामा सेवा करार/दैनिक ज्यालादारी करार भै प्रशासन/ प्राविधिक/कृषि सेवामा कार्यरत सेवा करारका तपशिल वमोजिमका कर्मचारीको सेवा करार/ज्यालादारी सम्झौता २०७७ माघ १ देखि २०७८ असाढ मसान्त सम्मका लागि नविकरण गर्ने निर्णय गरियो ।

**तपशिल**

**क. सेवा करार अन्तर्गत**

प्रशासन/प्राविधिक सेवा तर्फ

| सि.न. | नाम थर | ठेगाना | पद |
|---|---|---|---|
| | **न्यायिक समिति** | | |
| १ | सविना राई | टेम्के मैयूङ गा.पा. ३ भोजपुर | कानुनी सल्लाहकार |
| | **सहायक स्तर** | | |
| २ | मिनराज विष्ट | आमचोक गा.पा. -४ | सहायक चौथो |
| ३ | मुना राई | आमचोक गा.पा.-१ | सहायक चौथो |
| | **कार्यालय सहयोगी** | | |
| ४ | मनिराज कार्की | आमचोक गा.पा.-४ | कार्यालयको सहयोगी |
| ५ | प्रतिक्षा शंकर | आमचोक गा.पा.-४ | कार्यालय सहयोगी |
| ६ | प्रविना राई | आमचोक गा.पा-१ | कार्यालय सहयोगी |
| ७ | कुमार खड्का | आमचोक गा.पा.२ | कार्यालय सहयोगी |



आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर

अशोक राई

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | वल वहादुर विश्वकर्मा | आमचोक गा.पा. ४ | कार्यालय सहयोगी |
| ९ | समिक्षा राई | आमचोक गा.पा-७ | कार्यालय सहयोगी |
| १० | अनिता राई श्रेष्ठ | आमचोक गा.पा.-०९ | कार्यालय सहयोगी |
| | **प्राविधिक तर्फ- सहायक स्तर** | | |
| ११ | गोपाल रम्तेल | षडानन्द न.पा.-११ | सव-इन्जिनियर |
| १२ | अभिषेक कार्की | आमचोक गा.पा.-३ | अ.सव-इन्जिनियर |
| १३ | रमाना विष्ट | हतुवागढी गा.पा-४ | अ.सव-इन्जिनियर |
| | **सवारी चालक तर्फ- हे.स.च/ह.स.च** | | |
| १४ | असिम राई | - | हे.स.च. -हलुका सवारी |
| १५ | अर्जुन सुवेदी | आमचोक गा.पा.-३ | ह.स.च.- ट्राक्टर |
| १६ | गँगा वहादुर कार्की | आमचोक गा.पा-४ | ह.स.च.- एम्वुलेन्स |

कृषि सेवा तर्फका कर्मचारी

| सि.न. | नाम थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | हेमराज प्रधान | भोजपुर न.पा. ४ | ना.प्रा.स. |
| २ | पुजन राई | हतुवागढी गा.पा-३ | ना.प्रा.स. |
| ३ | सिताराम नेपाल | ट्याम्के मैयुङ गा.पा. ६ | ना.प्रा.स. |
| ४ | ईश्वर प्रसाद राई | षडानन्द न.पा. ४ | ना.प्रा.स. |

स्वास्थ्य सेवा तर्फ

| सि.न. | नाम थर | हाल कार्यरत | पद |
|---|---|---|---|
| १ | सुसिता चौधरी | वालांखा ल्याव | ल्याव असिस्टेन्ट |
| २ | निशा विष्ट | स्वास्थ्य चौकी थिदिंखा | अ.न.मी |
| ३ | गौमाया राई | स्वास्थ्य चौकी पावाला | अ.न.मी. |
| ४ | उद्धव विश्वकर्मा | स्वास्थ्य चौकी वासिङथर्पु | का.स. |
| ५ | सुनिता वस्नेत | स्वास्थ्य चौकी यूँ | का.स. |
| ६ | निमा शेर्पा | स्वास्थ्य चौकी थिदिंखा | का.स. |
| ७ | अचम्ममाया राई | स्वास्थ्य चौकी देवान्टार | का.स. |
| ८ | सन्तोष राई | स्वास्थ्य चौकी पांचा | का.स. |

ख. दैनिक ज्यालादारी अन्तर्गत

**स्वास्थ्य सेवा तर्फ**

तपशिल

| सि.न. | नाम थर | पद | कार्यरत कार्यालय | |
|---|---|---|---|---|
| १ | रामजनम यादव | हेल्थ असिस्टेन्ट | स्वास्थ्य चौकी थिदिंखा | |
| २ | सुदिक्षा राई | हेल्थ असिस्टेन्ट | स्वास्थ्य चौकी थिदिंखा | |
| ३ | नवल सिं वस्नेत | हेल्थ असिस्टेन्ट | स्वास्थ्य चौकी थिदिंखा | |
| ४ | तुलशा वि.क. | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |
| ५ | पुनम कुमारी मल्लाह | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |
| ६ | शितल राई | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |
| ७ | ममता राई | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

राई

प्रशासकीय अधिकृत

२०७७/०९/२६

| | | | | |
|---|---|---|---|---|
| ९ | निर्मला राई | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |
| १० | अन्जना शेर्पा | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |
| ११ | कला राई | अ.न.मी | स्वास्थ्य चौकी थिदिंखा | |
| १२ | सुजन राई | अ.हे.ब | स्वास्थ्य चौकी थिदिंखा | |
| १३ | बिर्षिका राई | अ.हे.ब | स्वास्थ्य चौकी थिदिंखा | |
| १४ | सृजना राई | अ.हे.ब | स्वास्थ्य चौकी थिदिंखा | |
| १५ | कौशिला श्रेष्ठ | अ.हे.ब | स्वास्थ्य चौकी थिदिंखा | |
| १६ | निशान मगर | अ.हे.ब | स्वास्थ्य चौकी थिदिंखा | |
| १८ | आशा राई | अ.हे.ब | स्वास्थ्य चौकी थिदिंखा | |
| १९ | मित्रकला विष्ट | का.स. | स्वास्थ्य चौकी वालांखा | |
| २० | रेनुका राई | का.स. | सामुदायिक स्वास्थ्य इकाइ हैखराङ | |

**कृषि प्राविधि तर्फ**

| सि.न. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | संगिता राई | ना.प्रा.स. | आमचोक -७ |
| २ | पुजा जोशी | ना.प्रा.स. | आमचोक -९ |
| ३ | सुनिता राई | ना.प्रा.स | आमचोक-२ |

**उर्जा प्राविधिक तर्फ**

| सि.न. | नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | दिकपाल राई | उर्जा सहजकर्ता | आमचोक-गाउँकार्यपालिकाको कार्यालय |

**सवारी चालक तर्फ**

| सि.न. | नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | राजु मगर | हे.स.चा | आमचोक-गाउँकार्यपालिकाको कार्यालय |

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै संघीय सरकारवाट प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा यस पालिकाका लागि पुनःप्राप्त वजेट २९ लाख ९९ हजारलाई तपसिल वमोजिमका योजनामा वडागत वेरोजगार व्यक्तिको संख्याको आधारमा वाडँफाँड गरि दैनिक ज्यालामा खर्च गर्ने निर्णय गरियो ।

तपसिलः

| सि. न. | योजनाको नाम | वडा | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पुर्णेडाँडा चिउरीभन्ज्याङ सडक मर्मत | ४-१० | ३ लाख | |
| २ | छौंखा विष्ट गाउँ सडक निर्माण | ४ | २ लाख | गाउँसभा २०७७ ले पारित गरेको निर्णय नं २० अन्तर्गतको सि.न. ६ को योजनामा वजेट थप |
| ३ | चिया खेति विकास कार्यक्रम | ३ | २ लाख | गाउँसभा २०७७ ले पारित गरेको निर्णय |

| | | | | |
|---|---|---|---|---|
| | | | | नं ८ को प्र.म. रोजगार कार्यक्रमको सि.न. ७ मा थप २ लाख कामका लागि पारिश्रमिक योजनावाट विनियोजन |
| ४ | मार्जेताङ तारेभिर गोरेटो वाटो | १० | १ लाख | |
| ५ | नकटा जरेकोल गोरेटो वाटो निर्माण | | २ लाख | गाउँसभा २०७७ ले पारित गरेको निर्णय नं ८ को सि.न. १० को यूवारुपको योजनामा थप गरिएको । |
| ६ | आमचोक कृषि सहकारी माछापोखरी निर्माण | ८ | ३ लाख | |
| ७ | तृया डाँडा टोल सडक | ८ | ३ लाख | |
| ८ | सैलाम साँगुरी गोरेटो वाटो निर्माण | ७ | १ लाख | |
| ९ | वासिराङ्ग आरुवोटे वडा कार्यालय गोरेटोवाटो | २ | ३ लाख | |
| १० | सरस्वती मा वि खेल मैदान निर्माण | २ | १ लाख ९९ हजार | |
| ११ | हर्के डाँडा छेहेरे खोला गोरेटो वाटो | ९ | २ लाख | गाउँसभा २२०७७ले पारित गरेको प्र.म.रो.कार्यक्रम अन्तर्गत निर्णय नं ८ को सि.न. १६ यूवारुपको योजनावाट रु २ लाख विनियोजन भएको तर निर्म्रण कार्य अपूर्ण हुने हुदाँ कामका लागि पारिश्रमिक योजना मार्फत थप विनियोजित । |
| १२ | वयाङ वुङ्सुराङ गोगने तुम्मा वाराताङ्ग सडक मर्मत | ६ | १ लाख | गाउँसभा २०७७ ले पारित गरेको निर्णय नं २० को सि.न. ८ को योजनामा थप गरिएको (दुवै कामका लावगि पारिश्रमिक योजना) |
| १३ | जिमिधानी गोरेटो वाटो | ५ | २ लाख | |
| १४ | सहिद स्मृती पार्क निर्माण | ४ | २ लाख | |
| १५ | कार्कीछाँप मखुवाखोला घारे पहिरो गोरेटोवाटो, | १० | १ लाख | गाउँसभा २०७७ ले पारित गरेको निर्णय नं ८ को सि.न. १९ (युवारुप) को योजनामा अपुग रकम थप । |

साथै निर्णय नं २० को सि.न. ३ को योजनामा विनियोजित वजेट रुकम रु २ लाखलाई परिमार्जित कार्यविधिको जटिलताले गर्दा सोही वडामा संचालन हुने यूवारुपको आयोजना निर्णय नं ८ को प्र.म. रोजगार शीर्षक अन्तर्गतको सि.न. ५ को भेर्लाङ खोला पसल भञ्यांङ योजनामा उक्त रकम वरावरको नयाँ योजना थप गरि कामका लागि पारिश्रमिक योजनावाट समेत संचालन गर्ने निर्णय गरियो ।

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै गरिवि निवारणका लागि लघु उद्धम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनसुचि २ को तालिका नं १ वमोजिमं उद्धम विकास कार्यक्रम शसर्त अनुदान तर्फको कार्यक्रम कोड ३०७००१०६ तर्फको रु २९,००,०००।०० उन्नतिस लाख- वजेट र प्रदेश सरकार वित्तिय समानीकरण अनुदान तर्फ लघु उद्धम कार्यक्रममा विनियोजित रु २,००,०००।०० दुई लाख- वजेटलाई

विभिन्न उपशीर्षकमा वाँडफाड एंव विनियोजन गरिं सम्वन्धित शाखावाट पेश भएको टिप्पणी र आदेश अनुसार हुनेगरि स्वीकृत गर्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै गरिवि निवारणका लागि लघु उद्धम कार्यक्रम संचालन गर्ने सम्वन्धमा सम्वन्धित शाखावाट पेश भएको **गरिवि निवारणको लागि लघु उद्धम विकास कार्ययोजना २०७७/०७८** स्वीकृत गर्ने निर्णय गरियो ।

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै आमचोक गाउँपालिका वडा नं १० पांचा नागी चखेवा सडक (पांचा खण्ड) मर्मत वापत भएको खर्च प्राविधिक मुल्यांकन प्रतिवेदन अनुसार रु १,१३,९३५।६८ एक लाख तेह्र हजार नौ सय पैतिस मात्र- उक्त सडक मर्मतको काम गर्ने लगाइएको विजय निर्माण सेवा, ट्याम्के विजय सप्लायर्स ट्याम्केमैयुङ गा.पा-४ लाई मर्मत संभार कोषवाट निकासा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

८. उपरोक्त प्रस्ताव नं ८ माथि छलफल भै आमचोक गाउँपालिकाको गाउँसभाले आ.व. २०७७/०७८ का लागि नेपाल सरकार वित्तिय समानीकरण अनुदान शीर्षक अन्तर्गत विनियोजित विपन्न जनतासंग सहकारी कार्यक्रमको जम्मा वजेट रु १०,००,०००। दश लाख- तपसिल वमोजिम वाडफाँड गरि स्वीकृत गर्ने निर्णय गरियो । साथै यस आ.व.र गत आ.व.को जम्मा रकम रु ३२,००,०००।०० सहकारी ऋणकोष संचालन कार्यविधि २०७७ वमोजिम सहकारी संस्थाहरुलाई ऋण लगानी गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.न. | विवरण | रकम रु |
|---|---|---|
| १ | सहकारी ऋणकोष | ४,४७,०७४।०० |
| २ | गरिवि निवारणकोष अन्तर्गतका समूहहरुको सहकारी गठनमा सहयोग कार्यक्रम | ३,१२,९५३।०० |
| ३ | सहकारी व्यवस्थापन तालिम | २,००,०००।०० |
| ४ | कन्टिजेन्सी | ४०,०००।०० |

९. उपरोक्त प्रस्ताव नं ९ माथि छलफल भै गत आ.व. मा गाउँपालिकाकामा आधारभुत स्वास्थ्य चौकी वडा नं ७ र ९ मा निर्माण गर्न संघीय सरकारवाट वजेट विनियोजन भै गत आ.व. मा ठेक्का सम्झौता भई निर्माणको क्रममा रहेको तथापी गत आ.व.को असार मसान्तको अन्त्यसम्म वित्तिय प्रगति हुन नसक्दा संघीय सरकारवाट आ.व २०७७/०७८ का लागि यस कार्यक्रममा वजेट विनियोजन गरि नपठाएको हुदाँ संघीय सरकारसँग उक्त स्वास्थ्य चौकी निर्माणका लागि वजेट माग गर्ने निर्णय गरियो ।

१०. उपरोक्त प्रस्ताव नं १० माथि छलफल भै आमचोक गाउँपालिकाका संस्थागत सामुदायिक विद्यालयको गत आ.व.को लेखा परिक्षण गर्न आमचोक गाउँपालिकाको शिक्षा समितिवाट लेखा परिक्षक छनौट गरि नियुक्तिका लागि सिफारिस गरे वमोजिमका लेखा परिक्षकलाई लेखापरिक्षण गर्ने प्रयोजनार्थ नियुक्ति दिने निर्णय गरियो ।

११. उपरोक्त प्रस्ताव नं ११ माथि छलफल भै आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माणका लागि जग्गादाताहरुवाट निःशुल्क जग्गादान मार्फत प्राप्त गर्न तपसिल वमोजिम हुने गरी सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. वडा नं ४ स्थित पुर्ने डाँडा देखि भिमेश्वरी सम्म-मुख्य सडकको दाँया-वाँया ।
२. आवश्यक जग्गा ९ रोपनी

प्रमुख प्रशासकीय अधिकृत

१२. उपरोक्त प्रस्ताव नं १२ माथि छलफल भै आमचोक गाउँपालिकाका वडा कार्यालय संचालन खर्च अधिकतम मासिक रु ७०००।०० सात हजार- निकासा गर्ने निर्णय गरियो ।

१३. उपरोक्त प्रस्ताव नं १३ माथि छलफल भै आमचोक गाउँपालिकामा स्थायी वसोवास गर्ने वल वहादुर विश्वकर्माका फरक क्षमता (शारीरीक अपांगता) भएका छोरा प्रविन शंकरले एसइई परिक्षा पश्चात प्राविधिक शिक्षा पढ्ने इच्छा देखाएको र निजमा अध्ययन गर्ने सक्ने सक्षमता समेत रहेको वुझिएको हुँदा शैक्षिक सत्र २०७७/०७८ का लागि १८ महिने सिभिल सव-ओभरसियर अध्ययन गराउन आर्थिक तथा शैक्षिक सहायताका लागि माग भै आएकोमा पारिवारिक आर्थिक अवस्था न्यून भएका निजको अध्ययनका लागि लाग्ने तपसिल वमोजिमको खर्च, अध्ययन गर्न चाहेको पूर्वाञ्चल वहु-प्राविधिक तालिम केन्द्र प्रा.लि. धरान सुनसरीलाई शैक्षिक अवधि भित्र सोझै भुक्तानी गर्ने गरि आर्थिक एवं शैक्षिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.न. | शीर्षक | शीर्षकगत शुल्क | कैफियत |
|---|---|---|---|
| १ | भर्ना शुल्क तथा मासिक शुल्क (जम्मा) | १,३०,०००।०० | |
| २ | अन्तिम परिक्षा शुल्क | २५००।०० | |
| ३ | रजिष्ट्रेसन फारम शुल्क | १५००।०० | |
| ४ | पोशाक खर्च | ६०००।०० | |
| ५ | कुल | १,४०,०००। एक लाख चालिस हजार | |

१४. उपरोक्त प्रस्ताव नं १४ माथि छलफल भै आमचोक गाउँपालिकामा नयाँ स्थापना भएको अस्थायी प्रहरी चौकी दुम्मानाका लागि भान्सामा प्रयोग हुने भौतिक सामाग्री खरिदको लागि सहयोग माग भै आएकोमा रु ५०,०००।०० पचास हजार- सहयोग गर्ने निर्णय गरियो ।

१५. उपरोक्त प्रस्ताव नं १५ माथि छलफल भै आमचोक गाउँपालिकाको स्वास्थ्य चौकीका लागि दैनिक ज्यालादारीमा सेवा करार गरि अ.न.मी-१ पारु राईलाई नियुक्ति गर्ने निर्णय गरियो ।

१६. उपरोक्त प्रस्ताव नं १६ माथि छलफल भै गाउँपालिकाको मिति २०७७/०६/१४ को वैठकले इलाका प्रशासन कार्यालय आमचोक -६ स्थित वयाङ वजारमा स्थापनाको माग भएकोमा भूगोल, भौतिक पूर्वाधारको दृष्टिकोण र भोजपुर जिल्लाको दक्षिणतर्फका रामप्रसादराई र हतुवागढी गा.पा.सँग सिधा र नजिकको सडक सम्पर्क भै आमचोक गा.पा.को प्रशासनिक केन्द्र रहेकोले आमचोक -४ वालांखामा इलाका प्रशासन कार्यालय स्थापना गर्नु उपयूक्त हुने निष्कर्ष सहित आमचोक -४ स्थित वालांखा वजारमा इलाका प्रशासन कार्यालय स्थापनाको लागि माग गरि जिल्ला सुरक्षा समिति भोजपुरलाई लेखि पठाउने निर्णय गरियो ।

प्रमाणित गरिएको

२०७७।९।२५

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अशोक राई

अध्यक्ष